भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. ०७४/७५ प्र.शा.

मिति : २०७५/०२/०९

च.नं. १०२६

श्री वडा कार्यालयहरु सवै,

भरतपुर महानगरपालिका ।

विषय : निर्णयको प्रतिलिपि पठाईएको ।

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको मिति २०७५/०२/०६ गतें वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।

वोधार्थ :

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका, (जानकारीको लागी)

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका, (जानकारीको लागी)

श्री सूचना शाखा,

भरतपुर महानगरपालिका, (उक्त निर्णय महानगरपालिकाको Website मा राख्नु हुन)

श्री आ.प्र.प्री. योजना, राजस्व, शिक्षा शाखा,

भरतपुर महानगरपालिका, (आवश्यक कार्यार्थ)

(रोम बहादुर महत)

शाखा अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

Scanned by CamScanner

नगर प्रमुख

निर्णय नं. १

यस भरतपुर महानगरपालिकाको दोस्रो नगर सभा सम्पन्न गर्ने प्रयोजनको लागि देहाय बमोजिमको कार्य तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

**दोस्रो नगर सभा कार्य तालिका (मिति २०७५ जेष्ठ ९ गते असार १८ गते सम्म)**

| क्र.सं. | कार्य विवरण | समय | कैफियत |
|---|---|---|---|
| १ | संघ तथा प्रदेशबाट वित्तिय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | प्रत्येक वर्षको फाल्गुण/चैत्र मसान्त भित्र | प्राप्त भएको |
| २ | राजस्व परामर्श समितिको बैठक | २०७५ जेष्ठ ९ देखि १२ गते सम्म | |
| ३. | श्रोत अनुमान, वजेट , सीमा निर्धारण समितिको वैठक | २०७५ जेष्ठ १३ र १४ गते सम्म | विषय क्षेत्रगत एवं वडागत वजेट निर्धारण |
| ४. | वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक | २०७५ जेठ १६ गते | |
| ५. | सम्पूर्ण पदाधिकारीहरुलाई विषय क्षेत्रगत वजेट सीमा एवं वडागत बजेट सीमा र मार्ग दर्शन सम्वन्धि अभिमुखिकरण | २०७५ जेठ १८ गते | |
| ६. | वडा कार्यालयहरुलाई वजेट सिलिङ पठाउने | २०७५ जेठ १९ गते | |

वडा भेलाको कार्यतालिका

| कार्यक्रम संचालक : वडा सचिव | | | | |
|---|---|---|---|---|
| मिति/ समय | विहान ७ वजे | दिवा १ वजे | नेतृत्वमा | कैफियत |
| २०७५।२।२१ गते | वडा नं ९ | वडा नं ८ | प्रमुख प्रशासकीय अधिकृतज्यूको नेतृत्व | |
| २०७५।२।२१ गते | वडा नं २ | - | प्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२१ गते | वडा नं ७ | वडा नं १० | उपप्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२२ गते | वडा नं १३ | वडा नं ६ | प्रमुख प्रशासकीय अधिकृतज्यूको नेतृत्व | |
| २०७५।२।२२ गते | वडा नं ४ | वडा नं ५ | प्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२२ गते | वडा नं १ | वडा नं २९ | उपप्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२३ गते | वडा नं १४ | वडा नं २३ | प्रमुख प्रशासकीय अधिकृतज्यूको नेतृत्व | |
| २०७५।२।२३ गते | वडा नं ११ | वडा नं १२ | प्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२३ गते | वडा नं १५ | वडा नं १६ | उपप्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२४ गते | वडा नं २४ | वडा नं २५ | प्रमुख प्रशासकीय अधिकृतज्यूको नेतृत्व | |
| २०७५।२।२४ गते | वडा नं २१ | वडा नं २२ | प्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२४ गते | वडा नं १७ | वडा नं १९ | उपप्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२५ गते | वडा नं २७ | वडा नं २८ | प्रमुख प्रशासकीय अधिकृतज्यूको नेतृत्व | |
| २०७५।२।२५ गते | वडा नं १८ | वडा नं २६ | प्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२५ गते | वडा नं ३ | वडा नं २० | उपप्रमुखज्यूको नेतृत्व | |
| २०७५।२।२६,२७,२८ | | | आयोजनाको विषयगत प्राथमिकरण एवं वर्गिकरण गरी दस्ताबेज तयार गर्ने | वडा समिति र सम्वन्धित कर्मचारी |

प्रत्येक वडा भेला सकिएको तेस्रो दिन भित्र योजना तथा कार्यक्रमहरु विषय क्षेत्रगत अन्तर्गत रही प्राथमिकिकरण सहित महानगरपालिकामा पेश गर्ने । (जेष्ठ २८ गते सम्म)

बाँकी कार्यतालिका

| क्र.सं. | कार्य विवरण | समय | कैफियत |
|---|---|---|---|
| १. | वजेट तथा कार्यक्रम तर्जुमा समितिको पहिलो वैठकमा वडाबाट प्राप्त योजना तथा कार्यक्रमहरु पेश | २०७५।०२।२९ गते | कम्तिमा दिनमा दुइपटक वैठक वस्ने |

नगर प्रमुख

Scanned by CamScanner

२०. नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २. | विषय क्षेत्रगत समितिको बैठकमा योजना तथा कार्यक्रमहरुको छलफल तथा सिफारिस | २०७५।०२।२० र ३१ गते | कम्तिमा दिनमा दुइपटक बैठक बस्ने। |
| ३. | वजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा विषय क्षेत्रगत समितिवाट सिफारिस भएका योजना तथा कार्यक्रमहरु पेश नगरकार्यपालिकावाट स्वीकृत हुने संभाव्य योजनाहरुको सूची पारित गरि योजना तथा शहरी विकास शाखालाई प्रारम्भीक लागत तयारका लागि पठाउने (२०७५।०३।०१ गते सम्म) यसपछि असार ७ गते सम्म लागत तयार गरी वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पुन: पेश गर्ने । | योजना छनौट पश्चात कम्तीमा ६ दिन प्रारम्भिक प्राविधिक एवं विश्लेषण लागत तयारका लागि प्राविधिकलाई समय आवश्यक (असार २ देखि ७ गते सम्म) | |
| ४. | वजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकम विषय क्षेत्रगत समितिवाट सिफारिस भएका योजना तथा कार्यक्रमहरुमा छलफल तथा कार्यपालिकामा सिफारिस | २०७३।०३।०८ र ९ गते यसमा वडा स्तरीय योजनाहरुको हकमा सम्वन्धित इन्जिनियरहरुबाट सम्वन्धित वडा अध्यक्ष ज्यूसँग परामर्श गरी अन्तिम योजना सूचि तयार गर्ने | कम्तिमा दिनमा दुइपटक बैठक वस्ने |
| ५. | नगर कार्यपालिकाको बैठक तयारी | २०७५।०३।१० देखि १२ सम्म | |
| ६. | नगर कार्यपालिकाको बैठक | २०७५।०३।१० देखि १३ सम्म | |
| ७. | नगर सभा सम्पन्न | २०७५।०३।१५,१६, १७ सम्म | |
| ८. | वार्षिक नगर विकास योजना सार्वजनिकिकरण (२०७५/०७६) | २०७५।०३।१८ | |

निर्णय नं. २

यस भरतपुर महानगरपालिका वडा नं. ९ भरतपुर स्थीत केन्द्रीय वस टर्मिनल तथा वडा नं. १ नारायणगढ वस पार्कमा रहेका सटरहरु र अन्य संरचनाहरु संचालन गर्न आगामी ३(तीन) आर्थिक वर्षको लागी भाडामा लगाउने सम्वन्धी आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**विविध निर्णय**

निर्णय नं. १

भरतपुर महानगरपालिकाको समग्र गतिविधि झल्कने गरि भरतपुर महानगर वुलेटिन चौमासिक रुपमा प्रकाशन गर्न देहाय वमोजिम वुलेटिन प्रकाशन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

(क) संयोजक श्री वीरेन्द्र जंग थापा - उप्सचिव (शिक्षा)

(ख) सदस्य श्री जगन्नाथ अर्याल - लेखा अधिकृत

(ग) सदस्य श्री इन्जिनियर ( योजना शाखा )

(घ) सदस्यसचिव श्री मेनका पण्डित

निर्णय नं. २

भरतपुर महानगरपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गरी शिक्षा सम्बन्धि कार्य सम्पादन गर्न निर्णय गर्ने अधिकार शिक्षा उप्समिति एवं समाजिक विकास समितिको सिफारिस बमोजिम प्रमुखज्यूले गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२०. नगर प्रमुख

Scanned by CamScanner

४७.

निर्णय नं. ३

भरतपुर महानगरपालिकाको आगामी आ.व. ०७५/७६ को बजेट तथा कार्यक्रम तयार गर्न देहाय बमोजिको बजेट तथा कार्यक्रम तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

(क) संयोजक श्री खडानन्द अधिकारी (उपसचिव लेखा)

(ख) सदस्य श्री भरत कुमार आचार्य (वरिष्ठ इन्जिनियर)

(ग) सदस्य श्री विराट घिमिरे (वरिष्ठ इन्जिनियर)

(घ) सदस्य श्री मेनका पण्डित (सूचना अधिकृत)

(ङ) सदस्यसचिव श्री रोम बहादुर महत (शाखा अधिकृत)

निर्णय नं. ४

यस भरतपुर महानगरपालिको समग्र विकास निर्माणको लागि नगर दररेट तयार गर्नुपर्ने भएकोले देहाय बमोजिमको नगर दररेट समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) जिल्ला समन्वय अधिकारी - सदस्य

(ग) को.ले.नि.कार्यालयका प्रमुख कोष नियन्त्रक वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(घ) चितवन उद्योग वाणिज्य संघका अध्यक्ष/प्रतिनिधि - सदस्य

(ङ) चितवन उद्योग संघका अध्यक्ष/प्रतिनिधि -सदस्य

(च) निर्माण व्यवसायी संघका अध्यक्ष/प्रतिनिधि - सदस्य

(छ) वरिष्ठ इन्जिनियर(योजना) सदस्य - सचिव

निर्णय नं. ५

यस भरतपुर महानगरपालिकाको सबै वडा कार्यालयमा कार्यरत सामाजिक परिचालक एक जनालाई २०७४ माघ १६ गते देखि २०७४ चैत्र १५ गते सम्म साविककै सेवा सुविधा वडा कार्यालयको सिफारिसका आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

भरतपुर महानगरपालिकाले संरक्षण गरी राखेको भरतपुर महानगरपालिका वडा नं ३ नारायणी नदी किनार स्थित हाम्रो घर नामक संस्थाले तत्काल नगरपालिकाबाट भोगाधिकार प्राप्त गरेको जग्गाको दक्षिण तर्फ तथा बालकुमारी कलेजले तत्कालिन नगरपालिकाबाट भोगाधिकार प्राप्त गरेको जग्गा भन्दा उत्तर तर्फको कम्तीमा एक बिगाहा देखि बढीमा दुई बिगाहा सम्म जग्गा स्पाइनल इन्जुरिबाट पिडीत बिरामीलाई पुनःस्थापन केन्द्र संचालनार्थ रोटरी क्लब अफ चितवनले माग गरेको हुँदा उक्त स्पाइनल इन्जुरी पूनःस्थापना केन्द्र स्थापनाको लागि जग्गा माथिको संरक्षकत्व महानगर कै मातहत रहने गरी उक्त संस्थालाई बढीमा एक बिगाहा जग्गा भोगाधिकार दिने निर्णय गरियो ।

Scanned by CamScanner